# सिर्जना–तिर्सना कवितासङ्ग्रहको भाषिक विचलनको अध्ययन

त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस शिक्षाशास्त्र सङ्काय
अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो

वर्षको नेपाली विषयको (नेपाली शिक्षा ५९८)

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र


शोधार्थी

**रामचन्द्र के.सी.**

त्रि. वि. दर्ता नं. ९-२-५०-१७९७-२००४

दोस्रो वर्षको परीक्षा क्रमाङ्क ५००२९७ (२०६४/०६८)

क्याम्पस क्रमाङ्क १४०

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र सङ्काय

बुटवल बहुमुखी क्याम्पस


बुटवल, २०६८

# कृतज्ञता ज्ञापन

"सिर्जना-तिर्सना कवितासङ्ग्रहको भाषिक विचलनको अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर द्वितीय वर्षको आंशिक पाठ्यांश पूरा गर्ने उद्देश्यले तयार पारिएको हो । यस शोधपत्रको लागि अनुमति प्रदान गर्ने बुटवल बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग सदा स्मरणीय छ । प्रस्तुत शोधपत्र आदरणीय गुरु हिरण्यलाल ज्ञवालीको कुशल निर्देशनमा तयार पारिएको हो । आफ्नो अति व्यस्त समय बाबजुद पनि समय निकालेर शोधपत्रलाई मूर्तता दिन सुझाव एवम् निर्देशन प्रदान गर्नुहुने शोधनिर्देशक गुरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै 'सिर्जना-तिर्सना कविता सङ्ग्रह' का रचनाकार बुटवल बहुमुखी क्याम्पसका सहप्रा. जीवलाल सापकोटा गुरूले गर्नुभएको सहयोग अविस्मरणीय रहेको छ ।

यस शोधकार्यका निम्ति शीर्षक चयन गर्नको लागि पूर्ण सहयोग गर्नुहुने आदरणीय गुरु सालिकराम पौड्याल प्रति चिर ऋणी छु । त्यसै गरी समयको व्यस्त घडीमा मेरो शोधकार्यका निम्ति समय झिकेर अमूल्य सल्लाह सुझाव र उचित निर्देशन प्रदान गर्नुहुने नेपाली विभाग प्रमुख दयाराम बस्यालज्यू र गुरु र अन्य सम्पूर्ण गुरुहरूप्रति प्रति कृतज्ञता प्रकट गर्दछु ।

सामग्री सङ्कलनका क्रममा आवश्यक सहयोग गर्ने बुटवल बहुमुखी क्याम्पस पुस्तकालय परिवारप्रति साधुवाद भन्दछु । प्रत्यक्ष अप्रत्यक्ष सल्लाह सुझाव र मार्गनिर्देशन प्रदान गर्ने मित्रहरु विष्णु पौडेल, नेत्रप्रसाद भट्टराई, दुर्गा भुसाल प्रति आभार प्रकट गर्दछु । मेरो अध्ययनमा अनवरत प्रेरणा प्रदान गर्नुहुने बुबा ओमबहादुर खत्री र आमा नरमता खत्रीप्रति नतमस्तक छु । शोधपत्र लेखनका लागि सधै घच्घच्याउने जीवनसंगिनी निरा खत्री र अन्त्यमा यस शोधपत्र निर्माणका क्रममा कम्प्युटर टाइपिङ्ग, सेटिङ्ग र प्रिन्टिङ्ग गरी सहयोग पुऱ्याउनुहुने साझा प्रिन्ट एण्ड फोटोकपी सेन्टरका राजिव घिमिरे र बाबुराम घिमिरेप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग बुटवल बहुमुखी क्याम्पस समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

रामचन्द्र के.सी

# व्यक्तिवृत्त

नाम : रामचन्द्र के.सी

जन्ममिति : २०४२/०४/२७ गते

जन्मस्थान : म्यालपोखरी–६, गुल्मी

ठेगाना : मैनाबगर– ४, बुटवल

बुबाको नाम : ओम बहादुर खत्री

आमाको नाम : नर्मता खत्री

लिङ्ग : पूरुष

धर्म : हिन्दु

अभिरूचि : पत्रपत्रिका, साहित्य पढ्ने, सङगीत सुन्ने

मातृभाषा : नेपाली

## शैक्षिक योग्यता

| तह | वर्ष | अध्ययन संस्था |
|---|---|---|
| एस.एल.सी | २०५८ | पृथ्वी उच्च माध्यमिक विद्यालय |
| प्रमाणपत्र तह | २०६१ | पृथ्वी उच्च माध्यमिक विद्यालय |
| स्नातक तह (बी.एड) | २०६४ | बुटवल बहुमुखी क्याम्पस बुटवल |
| एम.एड. २०६७ | २०६७ | बुटवल बहुमुखी क्याम्पस बुटवल |